**संघीय संसद**

**राष्ट्रिय सभा**

**संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति**

बैठक संख्याः२६०

मितिः २०८१/०५/११

समयः बिहान ११:०० बजे

प्रारम्भः बिहान ११:१० बजे

अन्त्यः दिनको १:४५ बजे

<u>छलफल एवं निर्णयः</u>

१) समितिको आज मिति २०८१/०५/११ गते मंगलबार बसेको बैठकमा विश्व सम्पदा सूचीमा सूचिकृत बौद्धनाथ क्षेत्र, बौद्ध मेलम्ची घ्याङ् गुठीको जग्गा जमिनको अवस्था, समस्या, चुनौती, बौद्धनाथ क्षेत्रको पुजारी नियुक्ति, आय आर्जन र भेटी व्यवस्थापन सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्री अर्जुन प्रसाद पोखरेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव डा.सुरेश सरस श्रेष्ठ, गुठी संस्थानका अध्यक्ष डा. शिवराज पण्डित, पुरातत्व विभागका महानिर्देशक श्री सौभाग्य प्रधानाङ्ग लगायतसंग छलफल भई देहाय बमोजिम निर्णय भयोः-

- बौद्ध तथा मेलम्ची घ्याङ् गुठीले बौद्धनाथ स्तुपामा दैनिक रुपमा प्राप्त भेटी, बौद्ध तथा मेलम्ची घ्याङ् गुठीको सम्पत्तिको विवरण सार्वजनिक गर्न, मिति २०७३/०३/२१ मा ५ वर्षको लागि पुजारीमा भूपतिबज्र लामालाई नियुक्ति गरेको तर उक्त ५ वर्षको अवधि समाप्त भईसकेको पनि ३ वर्ष २ महिनाभन्दा बढी अवधि व्यतित भईसकेकोले रिक्त स्थानमा तत्काल पुजारी नियुक्ति गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने,
- बौद्ध तथा मेलम्ची घ्याङ् गुठी जग्गाको विवरण ३० दिनभित्र अद्यावधिक गरी उपलब्ध गराउन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट माग गर्ने,

२) समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्नेगरी आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(सोनाम गेल्जेन शेर्पा)
सभापति